पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

पोखरा महानगरपालिकाद्वारा प्रकाशित

खण्ड ०९) पोखरा, माघ २९ गते, २०८२ साल (संख्या ०८

## भाग २

## पोखरा महानगरपालिका

## विपन्न नागरिकहरुलाई स्वास्थ्य बिमा कार्यान्वयन कार्यविधि, २०८२

**प्रस्तावना**ः गरिवी निवारण तथा सामजिक सुरक्षाको संवैधानिक मर्म अनुसार पोखरा महानगरपालिका क्षेत्रभित्र बसोबास गर्ने अति तथा मध्यम गरिव घरपरिवारलाई स्वास्थ्य सेवामा पहुँच सुनिश्चित गर्न वाञ्छनीय भएकोले, पोखरा महानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७९ को दफा ५ ले दिएको अधिकार प्रयोग गरि नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (क) यस कार्यविधिको नाम “विपन्न नागरिकहरुलाई स्वास्थ्य बिमा कार्यान्वयन कार्यविधि, २०८२” रहेको छ।

(ख) यो कार्यविधि पोखरा महानगरपालिका नगरकार्यपालिकाले स्वीकृत गरि स्थानीय र ाजपत्रमा प्रकाशन गरेको मिति देखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) "मन्त्रालय" भन्नाले भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय भन्ने सम्झनु पर्छ ।

(ख) "अति र मध्यम गरिब घरपरिवार" भन्नाले पोखरा महानगरपालिकाले संचालन गरेको आर्थिक वर्ष २०७८/२०७९ मा गरिव घरपरिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम र भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट प्राप्त सूचीलाई अति गरिब भनि वर्गीकृत गरेको परिवारलाई सम्झनु पर्छ।

(ग) "स्वास्थ्य बिमा" भन्नाले स्वास्थ्य बिमा ऐन, २०७४ बमोजिम संचालन हुने स्वास्थ्य बिमा कार्यक्रम सम्झनु पर्दछ।

(घ) "कार्यपालिका" भन्नाले पोखरा महानगरपालिका नगर कार्यपालिका सम्झनु पर्दछ।

(ङ) "कार्यालय" भन्नाले नगर कार्यपालिकाको कार्यालय स्वास्थ्य महाशाखालाई सम्झनु पर्दछ ।

(च) "दर्ता सहयोगी" भन्नाले स्थानीय स्तरमा नागरिकहरूलाई स्वास्थ्य बिमा कार्यक्रममा आबद्ध गराउन तोकिएका आधिकारिक व्यक्तिलाई सम्झनु पर्दछ ।

३. **अति र मध्यम गरिब घरपरिवार पहिचानः** (१) कार्यालयले मन्त्रालयबाट सुचिकृत अति तथा मध्यम गरिव घर परिवारको विवरण माग गर्न सक्नेछ।

(२) मन्त्रालयबाट प्राप्त विवरण बमोजिम कार्यालयले अति र मध्यम गरिव घर परिवारको विवरण प्रमाणित गरि राख्नेछ।

(३) कार्यालयबाट सम्बन्धित वडामा रहेका दर्ता सहयोगीलाई विवरण उपलब्ध गराउनु पर्नेछ ।

(४) दर्ता सहयोगीले विवरण विवरण प्राप्त गरे पश्चात सम्बन्धित वडा कार्यालय संग समन्वय गरि अति र मध्यम गरिव परिवारको एकिन गर्नु पर्नेछ।

४. **कार्यक्रममा आवद्ध हुनेः** (१) दफा ३ बमोजिम अति र मध्यम गरिब परिवार भनि यकिन भएको परिवारलाई एक ईकाई मानी दर्ता अधिकारी वा दर्ता सहयोगीले देहाय विवरण संलग्न गरि कार्यक्रममा आवद्ध गराउनु पर्नेछः-

(क) नेपाली नागरिकताको प्रमाणपत्र वा राष्ट्रिय परिचय पत्र, नाबालकको हकमा जन्मदर्ता प्रमाणपत्र

(ख) कार्यालयबाट प्रमाणित विवरण ।

(ग) अनुसूची १ बमोजिमको निवेदनको आधारमा सम्बन्धित वडा कार्यालयको अनुसूची २ बमोजिमको सिफारिस पत्र ।

५. **कार्यान्वयन प्रक्रियाः** (१) पोखरा महानगरपालिका भित्र स्थायी बसोबास गर्ने, अति र मध्यम गरिवमा परेका परिवारलाई निःशुल्क स्वास्थ्य बीमा गर्ने र नवीकरण गर्नु पर्ने भए नवीकरण

गर्न सूचना जारी गर्ने।

(२) स्वास्थ्य बीमा बोर्डको प्रदेश शाखा कार्यालयसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने।

(३) दर्ता सहयोगी मार्फत कार्यालयबाट प्रमाणित विवरण बमोजिम दफा ४ बमोजिम कागजात संलग्न गरि प्रचलित कानुन बमोजिम स्वास्थ्य बिमा गर्ने।

(४) प्रतिवेदनमा रसिद नं. नछुटाउने र रसिदमा पोखरा महानगरपालिकाबाट उपलब्ध अनुदान सहयोग भनेर उल्लेख गर्ने ।

(५) दर्ता सहयोगीले बीमा गरेका व्यक्तिको दर्ता फारम, नगदी रसिद बिल, घरमुलीको सूची, लक्षित वर्गको सूची र वडाको सिफारिस स्वास्थ्य बिमा बोर्ड प्रदेश/जिल्ला शाखा कार्यालयमा पठाउने।

(६) स्वास्थ्य बीमा बोर्ड, प्रदेश/जिल्ला कार्यालयले सूची Excel Sheet मा entry गरी तो किएको प्रतिवेदन ढाँचा सहित घरमुलीको सूची, लक्षित वर्गको सूची र वडाको सिफारिसको प्रतिलीपि स्वास्थ्य बीमा बोर्ड, प्रदेश कार्यालय र पोखरा महानगरपालिका स्वास्थ्य महाशाखा उपलब्ध गराउने ।

(७) स्वास्थ्य बीमा दर्ता/नबिकरण गरेको तथ्याङ्क एवं प्रतिवेदनको आधारमा स्वास्थ्य महाशाखाले एकिन गरी शोधभर्ना स्वरुप स्वास्थ्य बीमा बोर्डको खातामा रकम भुक्तानी दिने ।

(८) माथि उल्लेखित प्रकृया अनुसार स्वास्थ्य वीमा कार्यक्रम सञ्चालन गर्दा "प्रदेश/जिल्ला स्वास्थ्य बीमा संयोजन समिति" को बैठक सञ्चालन गर्ने साथै स्वास्थ्य महाशाखाबाट आवश्यक अनुगमन गर्ने यसरी बैठक सञ्चालन र अनुगमन गर्दाको खर्च रकम यसै शीर्षकबाट भुक्तानी दिने ।

(९) यस कार्यक्रमको नियमित अनुगमन मूल्यांकन गर्ने ।

६. **स्वास्थ्य बीमा नवीकरणः** (१) राज्य सुबिधाको अवधि अनुसार बीमितको प्रत्येक वर्ष कार्यालयले स्वास्थ्य बीमा नवीकरण गर्न सक्नेछ ।

७. **बीमाको समाप्ति र खारेजीः** देहाय बमोजिमको अवस्थामामा बिमितको स्वास्थ्य बीमा समाप्ति र खारेजी भएको मानिनेछः-

(१) स्वास्थ्य बिमा ऐन, २०७४ र स्वास्थ्य बिमा नियमावली, २०७५ मा उल्लेख भए. बमो जिमको अवधीमा नवीकरण नभएमा,

(२) राज्य सुविधा अवधि समाप्त भएमा ।

८. **बाधा अड्काउ फुकाउः** यस कार्यविधिको कार्यान्यवनमा कुनै बाधा अड्काउ परेमा नगर कार्यपालिकाले आवश्यक बाधा अड्काउ फुकाउन सक्नेछ ।

**प्रमाणिकरण मिति**

२०८२।१०।२९

**आज्ञाले**

**प्रमुख प्रशासकीय अधिकृत**